५. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७२ को अनूसुची ८ मा सामाजिक सुरक्षा वृत्तिपाउने नागरिकहरुको लगत अद्यावधिक गरी राख्ने व्यवस्था छ । कार्यालयको प्रथम र पाँचौ बढी निकासागएका साविकका गाविसहरु क्रमश बाशेश्वर र भिमेश्वर निकासा र भरपाईको विश्लेषण गर्दा देखिएका व्यहोरा देहायअनुसार छन् ।

क. **जेष्ठ नागरिक अन्यतर्फ :** बढी निकासा भएका गाविस - अनूसुची ८ मा १०७ जना रहेकोमा कार्यालयले प्रथम, द्धितीय र तृतीय चौमासिकमा क्रमश १४९ जना, १४९ जना र १४५ जनाको भरपाईको आधारमा खर्च लेखेको छ । बढी खर्च लेखेको संख्या क्रमश ४२ जना, ४२ जना र ३८ जनाको प्रत्येक चौमासिकमा रु ८०००।०० का दरले बढी हुन आउने रकम रु ९,७६,०००।०० प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल हुनुपर्दछ ।

ख. **जेष्ठ नागरिक अन्यतर्फ :** पाँचौ बढी निकासा भएका गाविस - अनूसुची ८ मा ८७ जना रहेकोमा कार्यालयले प्रथम, द्धितीय र तृतीय चौमासिकमा क्रमश ११७ जना, ११७ जना र ११७ जनाको भरपाईको आधारमा खर्च लेखेको छ । बढी खर्च लेखेको संख्या क्रमश ३० जना, ३० जना र ३० जनाको प्रत्येक चौमासिकमा रु ८०००।०० का दरले बढी हुनआउने रकम रु ७,२०,०००।०० प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल हुनुपर्दछ ।

ग. साविक बाशेश्वर गाविस.ले पहिलो, दोस्रो तथा तेस्रो चौमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरी बाँकी रहेको रकम क्रमश रु.१८००००।०० , रु.२४०००।०० र रु.३५४०००।०० गरी जम्मा रु.५५८०००।०० सञ्चित कोष दाखिला गर्नु पर्दछ ।

घ. साविक भिमेश्वर गाविसले पहिलो, दोस्रो तथा तेस्रो चौमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरी बाँकी रहेको रकम क्रमश रु.७१२००।०० , रु.९६८००।०० र रु. ७८८००।०० गरी जम्मा रु.२४६८००।०० सञ्चित कोष दाखिला गर्नु पर्दछ ।

६. **बेरुजु अभिलेख र फछर्यौट :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गांउ बिकास समिति, गाउँपालिका, बेरुजु अभिलेख, पेश्की अभिलेख रहेको पाईएन ।